# बलेफी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८१/०४/०१

## भाग - १

## बलेफी गाउँपालिका

# बलेफी गाउँपालिकाको आर्थिक ऐन, २०८१

# बलेफी गाउँपालिकाको आर्थिक ऐन, २०८१

**प्रस्तावनाः**

बलेफी गाउँपालिकाको आर्थिक वर्ष ०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शूल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बलेफी गाउँपालिकाले मिति २०८१/०३/०९ गतेको पन्ध्रौं गाउँ सभाबाट स्वीकृत गरि यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"बलेफी गाउँपालिकाको आर्थिक ऐन, २०८१"** रहेको छ।
(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि बलेफी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ती करः** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिका क्षेत्रभित्र **अनुसूचि - १** बमोजिमको दरमा सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

३. **घर वहाल करः** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसूचि - २** बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय दर्ता तथा नविकरण, पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा **अनुसूचि - ३** बमोजिम वार्षिक व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

५. **वन पैदावार, जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत **अनुसूची - ४** बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

६. **पर्यटन शुल्क :** गाउँपालिका क्षेत्रभित्र उद्यान, पार्क, ऐतिहसिक तथा पुरातात्विक सम्पदा र संग्रहालय जस्ता सम्पदाहरुको उपयोगको प्रवेश शुल्क गाउँपालिकाले निर्धारण गरे बमोजिम दररेटमा संकलन गरिनेछ।

७. **सवारी साधन (सानो सवारी) कर :** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिका सिन्धुपाल्चोक क्षेत्रभित्र चल्ने अटो रिक्सा, ईलेक्ट्रिक रिक्सा, पठाओ जस्ता साना सवारी साधनको कर गाउँपालिकाले निर्धारण गरेको दरमा संकलन गरिनेछ।

८. **विज्ञापन कर :** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिका सिन्धुपाल्चोकको क्षेत्रभित्र राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, व्यानर, ट्राइभिजन बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेख्रे वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा **अनुसूचि - ५** बमोजिमको दरमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन कर:** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालाका सिन्धुपाल्चोकको क्षेत्रमा चलचित्र घर सांस्कृतिक प्रदर्शन हल कन्सर्ट दोहोरी साँझ नाईट घर फन पार्क वाटर गार्डेन बाल उद्यान डान्स बार क्यासिनो फूटसल नाईट क्लब जस्ता मनोरन्जन स्थलमा बागमती प्रदेशले तोकेको दरमा कानून अनुसार हुनेछ। यसरी संकलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ।

१०. **पार्किङ शूल्कः** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूचि - ६** बमोजिम पार्किङ शूल्क लगाइने र असूल उपर गरिनेछ।

११. **र्‍याफ्टीङ्ग शूल्क:** बलेफी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा आफ्नो क्षेत्रभित्र पर्ने नदीबाट संचालन हुने र्‍याफ्टीङ्ग **अनुसूचि - ७** बमोजिमको शूल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शूल्क दस्तुर:** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिकाले गाउँ कार्यापालिकाको कार्यालय र वडा कार्यालयहरुबाट उपलब्ध गराइने सेवामा **अनुसूचि - ८** अनुसार सेवा शूल्क लगाइनेछ।

१३. **बहाल बिटौरी कर शुल्क:** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग बापत गाउँपालिकाले निर्धारण गरेको दरले बहाल विटौरी शुल्क लगाईने र असुल गरिनेछ।

१४. **नदीजन्य पदार्थ ढुङ्गा, गिटी, बालुवा (दहत्तर, बहत्तर) शूल्क:** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिका क्षेत्रभित्र माटो, ढुङ्गा, गिट्टि, बालुवा तथा दहत्तर बहत्तर कर संकलनका लागि बलेफी गाउँपालिकाले निर्णय गरी बागमती प्रदेशले तोकेको दरमा शूल्क लगाईनेछ। नदीजन्य पदार्थको कर संकलनका लागि E-Bid गरिनेछ । E-Bid बाट ठेक्का नलागेको अवस्थामा गाउँपालिकाको कर्मचारी खटाई अमानतमा कर संकलन गरिनेछ। यसरी संकलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ।

१५. **खानीजन्य पदार्थ स्लेट ढुंगा, चुन, ढुङ्गा, खरिढुङ्गा, को शूल्कः** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिका क्षेत्रभित्र खानीजन्य पदार्थ (स्लेट ढुंगा, चुन ढुङ्गा) को ।EE प्रतिवेदन तयार गरिनेछ र

प्रतिवेदनमा निस्किएको परिमाणलाई आधार मानी ठेक्का आव्हान गरी गाउँपालिकाले तोकेको शुल्क लगाईनेछ।

१६. **<u>कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:</u>** यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी आवश्यक कार्यविधि बलेफी गाउँपालिकाले तोके अनुसार हुनेछ।

१७. **<u>कर छुट:</u>** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर तथा शुल्क छुट दिईने छैन।

१८. **<u>जरिवाना :</u>** आर्थिक वर्ष २०८१/०८२ मा बलेफी गाउँपालिकामा कर शुल्क दस्तुर बुझाउनु पर्ने दायित्व भएका व्यक्ति संस्था वा निकायले यस ऐन बमोजिम तोकिएको कर शुल्क र दस्तुर नबुझाएमा वार्षिक दश प्रतिशतका दरले र व्यवसाय कर निर्देशिकाले तोके बमोजिम जरिवाना लगाई कर संकलन गरिनेछ।

१९. **<u>अन्य :</u>** यस ऐनमा उल्लेख नभएका तर कर संकलनमा छुट भएका विषयहरुमा प्रदेश सरकार र संघीय सरकारले तोकिए बमोजिम हुनेछ।

**अनुसूची - १**

**(दफा २ सँग सम्बन्धित)**

**<u>सम्पत्ति कर</u>**

| | देखी | सम्म | रकम रु. |
|---|---|---|---|
| १ | १ | १ लाख २५ हजार | ६.५ |
| २ | १ लाख २५ हजार १ | १ लाख ५० हजार | ७.५ |
| ३ | १ लाख ५० हजार १ | १ लाख ७५ हजार | ९ |
| ४ | १ लाख ७५ हजार १ | २ लाख | १० |
| ५ | २ लाख १ | २ लाख २५ हजार | ११.५ |
| ६ | २ लाख २५ हजार १ | २ लाख ५० हजार | १२.५ |
| ७ | २ लाख ५० हजार १ | ३ लाख | १५ |
| ८ | ३ लाख १ | ३ लाख ५० हजार | १७.५ |
| ९ | ३ लाख ५० हजार १ | ४ लाख | २० |
| १० | ४ लाख १ | ४ लाख ५० हजार | २२.५ |
| ११ | ४ लाख ५० हजार १ | ५ लाख | २५ |
| १२ | ५ लाख १ | ६ लाख | ३० |
| १३ | ६ लाख १ | ७ लाख | ३५ |
| १४ | ७ लाख १ | ८ लाख | ४० |
| १५ | ८ लाख १ | ९ लाख | ४५ |
| १६ | ९ लाख १ | १० लाख | ५० |

| | | | |
|---|---|---|---|
| १७ | १० लाख १ | १२ लाख | ६२.५ |
| १८ | १२ लाख १ | १४ लाख | ७० |
| १९ | १४ लाख १ | १६ लाख | ८० |
| २० | १६ लाख १ | १८ लाख | ९० |
| २१ | १८ लाख १ | २० लाख | १०० |
| २२ | २० लाख १ | २२ लाख | १२५ |
| २३ | २२ लाख १ | २४ लाख | १५६.५ |
| २४ | २४ लाख १ | २६ लाख | १८७.५ |
| २५ | २६ लाख १ | २८ लाख | २१९ |
| २६ | २८ लाख १ | ३० लाख | २५० |
| २७ | ३० लाख १ | ३४ लाख | ३०० |
| २८ | ३४ लाख १ | ३८ लाख | ४१२.५ |
| २९ | ३८ लाख १ | ४२ लाख | ५२५ |
| ३० | ४२ लाख १ | ४६ लाख | ६३७.५ |
| ३१ | ४६ लाख १ | ५० लाख | ७५० |
| ३२ | ५० लाख १ | ६० लाख | ८७५ |
| ३३ | ६० लाख १ | ७० लाख | १०२५ |
| ३४ | ७० लाख १ | ८० लाख | १३५० |
| ३५ | ८० लाख १ | ९० लाख | १६७५ |
| ३६ | ९० लाख १ | १ करोड | २००० |
| ३७ | १ करोड | १ करोड २० लाख | २४०० |
| ३८ | १ करोड २० लाख १ | १ करोड ४० लाख | २८०० |
| ३९ | १ करोड ४० लाख १ | १ करोड ६० लाख | ३२०० |
| ४० | १ करोड ६० लाख १ | १ करोड ८० लाख | ३६०० |
| ४१ | १ करोड ८० लाख | २ करोड | ४००० |
| ४२ | २ करोड १ | २ करोड ५० लाख | ५००० |
| ४३ | २ करोड ५० लाख १ | ३ करोड | ६४०० |
| ४४ | ३ करोड १ | ३ करोड ५० लाख | ७८०० |
| ४५ | ३ करोड ५० लाख १ | ४ करोड | ९२०० |
| ४६ | ४ करोड १ | ४ करोड ५० लाख | १०६०० |
| ४७ | ४ करोड ५० लाख | ५ करोड | १२००० |
| ४८ | ५ करोड १ देखी माथी प्रति हजार रु. १ (एक) | | |

अनुसूची - २

**(दफा ३ सँग सम्बन्धित)**

**<u>घर वहाल करका दरहरू</u>**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने घरजग्गा बहाल करको विवरण | करको दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्रको घर, फ्ल्याट ,कोठा ,पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, पोखरी तथा जग्गा पूरै वा आंशिक रुपमा भाडा तथा लिजमा लगाएको मा सम्बन्धित धनीबाट बहाल रकमको | भाडाको रकमको १०) दश (प्रतिशत |

अनुसूची - ३

**(दफा ४ सँग सम्बन्धित)**

**<u>व्यवसाय करका दरहरू</u>**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने व्यवसाय करको विवरण | करको दर बार्षिक रु. |
|---|---|---|
| १ | व्यापारिक वस्तु | |
| १.१ | **चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा** | |
| | थोक तथा खुद्रा चुरोट पसल ( डिलर समेत) | १५००/- |
| | खुद्रा चुरोट पसल | १०००/- |
| | मदिरा पसल थोक (डिलर समेत) | २५००/- |
| | मदिरा पसल खुद्रा | १०००/- |
| | सुनचांदी/ज्वेलरी पसल (निर्माण, मर्मत र खरिद बिक्री समेत) | २५००/- |
| | भिडियो सीडी, क्यासेट/अडियो सीडी, क्यासेट बिक्री पसल | ५००/- |
| | डिपार्टमेन्टल स्टोर | ५००/- |
| १.२ | **निर्माण सामाग्री, कम्प्युटर, बिद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुको थोक तथा खुद्रा ब्यापारमा** | |
| | निर्माण सामाग्री सिमेन्ट, रड, कर्कटपाता, फिटिङ्स आदिको बिक्रेता | ५०००/- |
| | कम्प्युटर बिक्रेता | ५००/- |
| | बिद्युत / फिटिङ्स सामाग्री बिक्रेता | १०००/- |
| | टि.भी., डेक, रेडियो, क्यासेट प्लेयर तथा क्यामेरा पसल (डिलर समेत) | २०००/- |
| | टि.भी., डेक, रेडियो, घडी, क्यासेट प्लेयर तथा क्यामेरा (खुद्रा बिक्री तथा मर्मत) पसल | ५००/- |
| | कार्पेट तथा फर्निसिङ्गका सामाग्री बिक्रेता | १०००/- |

| | | |
|---|---|---|
| | पेट्रोलियम पदार्थ बिक्रेता (पेट्रोल पम्प) | ५०००/- |
| १.३ | **दैनिक उपभोगका खाद्य पदार्थ, सुती कपडा आदिको थोक तथा खुद्रा ब्यापारमा** | |
| | खाद्यान्न तथा किराना थोक पसल (क श्रेणी) | १०००/- |
| | खाद्यान्न तथा किराना खुद्रा पसल (ख श्रेणी) | ७५०/- |
| | खाद्यान्न तथा किराना खुद्रा पसल (ग श्रेणी) | ५००/- |
| | कपडा पसल/रेडिमेड स्टोर्स (क श्रेणी थोक) | १०००/- |
| | कपडा पसल/रेडिमेड स्टोर्स (ख श्रेणी खुद्रा) | ७५०/- |
| | कपडा पसल/रेडिमेड स्टोर्स (ग श्रेणी खुद्रा) | ५००/- |
| | कपडा पसल (थान) तथा सिरक, डसना, तकिया तयारी र बिक्री पसल | १०००/- |
| | स्टेशनरी, पुस्तक र पत्रपत्रिका पसल (क श्रेणी) | १०००/- |
| | स्टेशनरी, पुस्तक र पत्रपत्रिका पसल (ख श्रेणी) | ७५०/- |
| | स्टेशनरी, पुस्तक र पत्रपत्रिका पसल (ग श्रेणी) | ५००/- |
| | थोक तथा खुद्रा रेडिमेड जुत्ता चप्पल पसल (क श्रेणी) | १०००/- |
| | थोक तथा खुद्रा रेडिमेड जुत्ता चप्पल पसल (ख श्रेणी) | ७५०/- |
| | थोक तथा खुद्रा रेडिमेड जुत्ता चप्पल पसल र अन्य गिफ्टका सामाग्री बिक्रेता | १०००/- |
| | छाला जुत्ता चप्पल (स्थानीय स्तरमा निर्माण गरी) बिक्री तथा मर्मत पसल | ५००/- |
| | होजियारी ऊनी धागो पसल | ५००/- |
| | फलफूल पसल | ५००/- |
| | फलफूल तथा सब्जी पसल | ५००/- |
| | कोल्ड स्टोर पसल | १०००/- |
| १.४ | **सवारी साधन बिक्रेता** | |
| | मोटर साईकल, टेम्पो तथा साईकल बिक्रेता | १५००/- |
| २ | **बिशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा** | |
| | चिकित्सक | ५००/- |
| | कविराज | ५००/- |
| | इन्जिनियर (RCC भवन, प्रति नक्शा) | १०००/- |
| | कानून व्यवसायी/कानूनी सेवा/ल फर्म | ५००/- |
| | लेखा परिक्षक | ५००/- |
| | दन्त चिकित्सक | ५००/- |
| | अनुसन्धानकर्ता तथा परामर्श दाता | ५००/- |
| | कम्युटर एनालिष्ट तथा प्रोग्रामर | ५००/- |

| | | |
|---|---|---|
| | बीमा एजेन्ट | ५००/- |
| | सर्भेयर | ५००/- |
| | अनुवादक | ५००/- |
| | पशु चिकित्सक | ५००/- |
| | सामान ढुवानीकर्ता तथा कम्पनी/सप्लायर्स | १०००/- |
| | संस्थागत पेन्टर | १०००/- |
| ३ | **निर्माण व्यवसाय** | |
| | घ श्रेणीको इजाजत पत्र दर्ता दस्तुर | १०,०००/- |
| | घ श्रेणीको इजाजत पत्र नविकरण दस्तुर | ५,०००/- |
| | घ श्रेणीको इजाजत पत्र नविकरण थप दस्तुर ६ महिनासम्म | ५,०००/- |
| | घ श्रेणीको इजाजत पत्र नविकरण थप दस्तुर ६ महिना भन्दा पछि | २०,०००/- |
| | घ श्रेणीको इजाजत पत्र प्रतिलिपी दस्तुर | १०००/- |
| | घ श्रेणीको इजाजत पत्र नामसारी दस्तुर | १०,०००/- |
| | घ श्रेणीको इजाजत पत्र ठाउँसारी दस्तुर (आउँदा र जाँदा) | १०,०००/- |
| ४ | **उत्पादन मूलक उद्योग** | |
| | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | २०००/- |
| ५ | **कृषि तथा वनजन्य उद्योग (मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा)** | |
| | फर्निचर उद्योग (निर्माण, खरिद तथा बिक्री) | २०००/- |
| | स:मिल (चिरान मिल) | २०००/- |
| | राइस मिल | १५००/- |
| | अदुवा कुचो उद्योग तथा संकलन/खरिद बिक्री केन्द्र | १०००/- |
| | अलैंची संकलन तथा खरिद बिक्री केन्द्र | १५००/- |
| | चिरैतो संकलन तथा खरिद बिक्री केन्द्र | १०००/- |
| | अन्य जडिबुटी संकलन ,प्रशोधन तथा खरिद बिक्री केन्द्र | १५००/- |
| | पहाडे कागज उद्योग | ७५०/- |
| ६ | **खनीज उद्योग** | |
| | खनीज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | २५००/- |
| | खानेपानी प्रशोधन गर्ने उद्योग व्यवसायमा | २०००/- |
| | क्वार्जाइट ढुंगा निकासी कर (प्रति वर्ग फिट) | ६/- |

| | | |
|---|---|---|
| ७ | **पर्यटन उद्योग** | |
| | पर्यटक, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्याफ्टिङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर व्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्ष, पोलो, अश्वारोहण, आदि उद्योग व्यवसायमा | ३०००/- |
| | होटल (चिया,नास्ता तथा मिठाई पसल) | २०००/- |
| | होटल (चिया,नास्ता तथा खाना समेत) | १२५०/- |
| | होटल ( चिया नास्ता ) | १०००/- |
| | लज (गेष्ट हाउस मात्र) | १५००/- |
| | होटल एण्ड लज (चिया,नास्ता तथा खाना समेत) | २५००/- |
| | होटल एण्ड लज (गेष्ट हाउस अट्याज्ड कोठा सहित) | ३०००/- |
| | होटल एण्ड लज (अट्याज्ड कोठा सहित सेमिनार हल उपलब्ध) | ३५००/- |
| | रिसोर्ट | ५०००/- |
| | ट्रेकिङ तथा ट्राभल एजेन्सी | १२५०/- |
| | होटल सम्बन्धी तालिम सञ्चालन गर्ने होटल/इस्टिच्युट | २५००/- |
| ८ | **अटो सेवा संचालन उद्योग** | |
| | बलेफी गाउँपालिका भित्र संचालन गर्ने गरी कार्यविधि अनुसार अटो सेवा दर्ता | ५०००/- |
| | अटो सेवा नविकरण | १५००/- |
| ९ | **सेवा उद्योग** | |
| | छापाखाना, परामर्श सेवा, जिनिङ्ग वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिबहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाइ सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | ३०००/- |
| | छापाखाना, अपसेट प्रिन्टिङ्ग प्रेस | ५०००/- |
| | छापाखाना (स्क्रीन प्रिन्टको सेवा सहितको) | १५००/- |
| | छापाखाना (स्क्रीन प्रिन्टको सेवा मात्र) | १०००/- |
| १० | **निर्माण उद्योग** | |
| | सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, लाइङ बृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसायमा | २५००/- |
| | ग्रील उद्योग | २०००/- |
| ११ | **संचार सेवा** | |
| | निजी क्षेत्रको हुलाक सेवा | ५००/- |
| | निजी क्षेत्रका टेलिफोन वा मोबाईल सेवा प्रदायक कम्पनी (शाखा समेत) | २५००/- |

| | | |
|---|---|---|
| | टेलिफोन, फ्याक्स र फोटोकपी सेवा (इमेल, इन्टरनेट सहितको) | १०००/- |
| | इमेल, इन्टरनेट सेवा मात्र अथवा टेलिफोन, फ्याक्स र फोटोकपी सेवा मात्र | ७५०/- |
| | निजी क्षेत्रको कुरियर सेवाको प्रधान कार्यालय | २०००/- |
| | निजी क्षेत्रको कुरियर सेवाको शाखा कार्यालय | १२५०/- |
| | छपाई तथा प्रकाशन | १५००/- |
| | टाईपिङ्ग तथा कम्युटर डेक्सटप सेवा | ५००/- |
| १२ | **बित्तीय सेवा** | |
| | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैक दर्ता र नविकरण | १००००/- |
| | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने विकास बैक दर्ता र नविकरण | ७०००/- |
| | आर्थिक कारोबार समेत गर्ने बित्तीय कम्पनीको मुख्य कार्यालय | ५०००/- |
| | आर्थिक कारोबार गर्ने बित्तीय कम्पनीको शाखा कार्यालय | ३०००/- |
| | मनी ट्रान्सफर सेवा | १५००/- |
| | बीमा कम्पनीको शाखा कार्यालय | २५००/- |
| | सहकारी बैक | २०००/- |
| | सहकारी संस्था दर्ता शूल्क | १०००/- |
| १३ | **स्वास्थ्य सेवा** | |
| | गैरसरकारी अस्पताल/सामुदायिक अस्पताल | ३०००/- |
| | नर्सिङ्ग होम | ३५००/- |
| | मेडिकल हल/औषधी पसल (डाक्टरको सेवा तथा ल्याव समेत उपलब्ध) | २०००/- |
| | मेडिकल हल/औषधी पसल (ल्यावको सेवा उपलब्ध) | १५००/- |
| | मेडिकल हल/औषधी पसल मात्र | १०००/- |
| १४ | **शिक्षा सेवा** | |
| | निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्व विद्यालय | १०००/- |
| | तालिम तथा अनुसन्धान केन्द्र | २०००/- |
| | टाईपिङ्ग, कम्युटर तथा भाषा प्रशिक्षण संस्था | १०००/- |
| | टाईपिङ्ग तथा कम्युटर प्रशिक्षण केन्द्र | ७५०/- |
| | भाषा प्रशिक्षण संस्था | १०००/- |
| | अन्तराष्ट्रिय गैरसरकारी संस्था | २५००/- |
| | विलम्ब शूल्क शिक्षा | १०००/- |

| | | |
|---|---|---|
| | कक्षा ८ को मार्कसिट शूल्क (संस्थागत विद्यालय) प्रति विद्यार्थि | ४००/- |
| १५ | **मर्मत संभार सेवा** | |
| | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटर साईकल, टेम्पो, साईकल मर्मत केन्द्र | १०००/- |
| | हेभी इक्विपमेन्ट, बस ट्रक तथा ट्रयाक्टर मर्मत केन्द्र | १५००/- |
| | कार, मोटर साईकल, टेम्पो तथा साईकल मर्मत केन्द्र | १०००/- |
| | मोटर साईकल, टेम्पो तथा साईकल मर्मत केन्द्र | १०००/- |
| | रेडियो, टि.भी., घडी मर्मत केन्द्र | ५००/- |
| | प्रेशर कुकर, स्टोभ, हिटर मर्मत केन्द्र | ५००/- |
| | टेलिफोन सेट तथा बिद्युत सामाग्री मर्मत केन्द | ५००/- |
| १६ | **अन्य सेवा** | |
| | बिज्ञापन सेवा/बिज्ञापन एजेन्सी/कम्पनी | ५००/- |
| | बैदेशिक रोजगार सेवा/म्यान पावर कम्पनी (शाखा समेत) | ३०००/- |
| | स्वदेशी रोजगार सेवा | ५००/- |
| | सेक्रेटेरियल सेवा | १०००/- |
| | हाउजिङ्ग कम्पनी तथा घरजग्गा खरिद बिक्री (रियल स्टेट) | २५००/- |
| | व्युटी पार्लर, केश श्रृंगार तथा श्रृंगार पसल | १०००/- |
| | श्रृंगार पसल | १०००/- |
| | ड्राई क्लिनर्स | १०००/- |
| | कलर ल्याव तथा फोटो स्टुडियो | २०००/- |
| | फोटो स्टुडियो | ७५०/- |
| | फोटो स्टुडियो, टाईपिङ तथा कम्प्यूटर सेवा | १५००/- |
| | शैलुन/हजाम सेवा | ५००/- |
| | सिलाई टेलरिङ्ग सेवा (लेडिज एण्ड जेन्स)/सिलाई प्रशिक्षण केन्द्र समेत | २०००/- |
| | सिलाई टेलरिङ्ग सेवा (लेडिज एण्ड जेन्स) | १५००/- |
| | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | ७५०/- |
| | पशु बधशाला | २०००/- |
| | मासु बिक्रेता/फ्रेस हाउस | १५००/- |
| | फूल तथा बिरुवा बिक्रेता | ७५०/- |
| | पुल हाउस | १५००/- |
| | खोटो व्यवसायी | १०००/- |
| | सिसा, प्लाईउड बिक्रेता | ७५०/- |

| | | |
|---|---|---|
| | भाँडाकुँडा बिक्रेता | १०००/- |
| | स्टिल, काठ, फर्निचर बिक्रेता | १५००/- |
| | खेलौना, उपहार (गिफ्ट) बिक्रेता | ५००/- |
| | केबुल नेटवर्किङ्ग (ग्राहक संख्याका आधारमा वार्षिक) | ५०००/- |
| **१७** | **अन्य व्यवसाय** | |
| | पार्क, पिकनिक स्पट | ५००/- |
| | टुर अप्रेटर | १५००/- |
| | मसाज पार्लर | १५००/- |
| **१८** | **माथिको बर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोबारमा** | |
| | पाउरोटी / सिन्के चाउचाउ उद्योग | १०००/- |
| | कृषि बिउ बिजन भण्डार | ७५०/- |
| | पशु औषधी पसल एग्रो भेट | ७५०/- |
| | हाउस पेन्टिङ्ग | ५००/- |
| | भेन्टिलेसन उद्योग | १५००/- |
| | टेण्ट तथा क्याटरिङ्ग सर्भिस | १५००/- |
| | सभाहल सञ्चालन (व्यावसायिक प्रयोजनका लागि) | ३०००/- |
| | कृषि फर्म | ५००/- |
| | पशु फर्म | ५००/- |
| | कृषि तथा पशु फर्म | ७५०/- |
| | कुखुरा तथा पोल्ट्री फर्म | १०००/- |
| | खाना पकाउने एल. पी. ग्यास सम्बन्धी व्यबसाय | १०००/- |
| | मोविल ग्रीज ब्रेक आयल लुब्रीकेन्ट्स सम्बन्धी व्यवसाय | १०००/- |
| | आईसक्रीम/ कफी शप व्यवसाय | १०००/- |
| | दुना टपरी बनाउने उद्योग | ५००/- |
| | तयारी प्लास्टिक तथा रबरबाट जुत्ता बनाउने उद्योग | १०००/- |
| | पानीबाट चल्ने घट्ट संचालन व्यवसाय | १०००/- |
| | विद्युतबाट चल्ने घट्ट संचालन व्यवसाय | १०००/- |
| | डेरी / दुग्ध जन्य उत्पादन व्यवसाय | १०००/- |
| | विधुतिय सवारी साधन चार्जिङ स्टेशन | ५०००/- |
| **१९.** | **संघ/संस्था/समूह दर्ता तथा नविकरण दस्तुर** | |
| | कृषक समूह दर्ता / नविकरण | २००/- |

| | | |
|---|---|---|
| | महिला समूह दर्ता / नविकरण शूल्क | ५००/- |
| | टोल विकास संस्था | १०००/- |
| | विविध संघ/संस्था दर्ता | १०००/- |
| | खानेपानी मूहान दर्ता / नविकरण | ५००/- |
| | रासायनिक मल विक्रेता दर्ता | १०००/- |
| | रासायनिक मल विक्रेता दर्ता प्रमाण पत्र नविकरण दस्तुर | ५००/- |
| २० | **ढुङ्गा, बालुवा तथा गिट्टिमा लाग्ने शूल्क** | |
| | ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टि, ग्राभल, रोडा, बालुवा स्वीकृत (खानि क्षेत्र बाहेकमा) | प्रति घन फिट रु.९ (प्रदेश कानुन बमोजिम हुनेछ ।) |

अनुसूची - ४

**(दफा ५ सँग सम्बन्धित)**

**वन पैदावार, जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू**

| **क्र.स.** | **नाम** | **इकाई** | **दर रु.** |
|---|---|---|---|
| १ | उन , खोटो ,खर ,बाबियो छ्वाली ,पराल निगालो ,लोकता ,अम्रिसो | प्रति के.जि | ५/- |
| २ | सिसौ साल (चट्टा गोलिया चिरान) सम्बन्धित जिल्लाको ईलाका वन कार्यालयको चलानीको आधारमा | प्रति ट्रक | ३००/- |
| ३ | अन्य काठ (चट्टा गोलिया चिरान) सम्बन्धित जिल्लाको ईलाका वन कार्यालयको चलानीको आधारमा | प्रति ट्रक | २००/- |
| ४ | वियरको खालि सिसि | प्रति गोटा | १/- |
| ५ | मदिराको खालि सिसि ५०० एम.एल .भन्दा बढी | प्रति गोटा | ०.५० |
| ६ | मदिराको खालि सिसि ५०० एम.एल .भन्दा बढी | प्रति गोटा | ०.२५ |
| ७ | प्लाष्टिकका बोतल ,भाँडाकुँडा ,पुराना जुत्ता चप्पल ,ग्यालेन तथा जर्किन | प्रति गोटा | ०.१० |
| ८ | पूरानो टिन | प्रति के.जि | १/- |
| ९ | धातुका कवाडि मालसामान | प्रति के.जि | २/- |
| १० | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जि | १/- |
| ११ | सिसा)लिड (को धुलो वा टुक्राहरु | प्रति के.जि | १/- |
| १२ | काँचको धुलो वा टुक्राहरु | प्रति के.जि | १/- |
| १३ | पन्छिका प्वाँखहरु | प्रति के.जि | २/- |

| | | | |
|---|---|---|---|
| १४ | पशुका हाड ,सिंग ,खुर | प्रति के.जि | २/- |
| १५ | छाला सानो जनावरको | प्रतिगोटा | ३०/- |
| १६ | छाला ठूलो जनावरको | प्रतिगोटा | १५/- |

अनुसूची - ५

**(दफा ८ सँग सम्बन्धित)**

**विज्ञापन करका दरहरू**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने विज्ञापन करको विवरण | करको दर रु. |
|---|---|---|
| १. | फ्लेक्स बोर्ड/ होर्डीङ बोर्ड/ थ्री डी बोर्ड प्रति स्क्वायर फिट बार्षिक | १५०/- |
| २. | ग्लो बोर्ड/ होर्डीङ बोर्ड/ थ्री डी बोर्ड प्रति स्क्वायर फिट बार्षिक | १००/- |
| ३. | डिजिटल बोर्ड प्रति स्क्वायर फिट बार्षिक | २००/- |
| ४. | ब्यानर ३ स्क्वायर फिटसम्म प्रति हप्ता प्रति गोटा | ५०/- |
| ५. | ब्यानर ३ स्क्वायर फिटभन्दा ठुलो प्रति हप्ता प्रतिगोटा | ५०/- |
| ६. | भित्ते लेखन/ सटर पेन्टीङ प्रति स्क्वायर फिट बार्षिक | २५/- |
| ७. | गाडीमा लेखी/बोकी गरिने विज्ञापन प्रतिदिन प्रति गाडी | १००/- |

अनुसूची - ६

**(दफा १० सँग सम्बन्धित)**

**पार्किङ शुल्कका दरहरू**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले तोकेको पार्किङ क्षेत्रमा पार्क गर्ने सवारी साधनको विवरण | शुल्कको दर रु. |
|---|---|---|
| १ | बस, मिनिबस, ट्रक ,ट्याक्टर लगायतका ठूला सवारी साधनहरु | प्रति घण्टा रू.४०/-<br>प्रति दिन रू.२००/- |
| २ | कार, जिप वा त्यस्तै साना सवारी साधनहरु | प्रति घण्टा रू.२०/-<br>प्रति दिन रू.१००/- |
| ३ | अन्य सवारी साधनहरु | प्रति घण्टा रू.१५/-<br>प्रति दिन रू.७५/- |

अनुसूची - ७

**(दफा ११ सँग सम्बन्धित)**

**न्याफ्टिङ र कायोकिङ शुल्कका दरहरू**

| सि.नं. | गाउँपालिका क्षेत्रभित्रका नदीबाट सन्चालन हुने न्याफ्टिङ र कायोकिङ शुल्कका दरहरू | शुल्कको दर रु. |
|---|---|---|
| १ | न्याफ्टिङ | प्रति वोट रू.२००/- |

अनुसूची - ८

**(दफा १२ सँग सम्बन्धित)**

**सेवा, शुल्क, दस्तुरका दरहरु**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने सेवा शुल्क ,दस्तुरको विवरण | शुल्कको दर रु. |
|---|---|---|
| १ | **सार्वजनिक शौचालय** | |
| | पिसाब गरेको प्रति पटक | ५/- |
| | दिसा गरेको प्रति पटक | १०/- |
| २ | **सरसफाई सेवा शुल्क** | |
| | गाउँपालिका भित्र सरसफाई तथा फोहोरमैला व्यवस्थापन गरेबापत प्रतिघर प्रति महिना | ५०/- |
| | गाउँपालिका भित्र सरसफाई तथा फोहोरमैला व्यवस्थापन गरेबापत प्रति पसल/व्यवसाय | १००/- |
| ३ | **नेपाली नागरिकता प्रमाणपत्रको सिफारिस** | |
| | बंशज र जन्मको आधारमा | ५०/- |
| | नागरिकता प्रतिलिपी सिफारिस | १००/- |
| | अंगिकृत तथा बैवाहिक अंगिकृत | १०००/- |
| ४ | **नामथर संशोधन तथा प्रमाणित** | १००/- |
| ५ | **नाता प्रमाणित** | ५०/- |
| ६ | **घरजग्गा अचल सम्पत्ती मूल्यांकन प्रति हजारमा** | १/- |
| ७ | **बार्षिक आय प्रमाणित दस्तुर (0.१%) प्रतिलाखमा** | १००/- |
| ८ | **घरजग्गाको नामसारी सिफारिस** | |
| | ५(पांच) रोपनी सम्म | १००/- |
| | १०(दश) रोपनी सम्म | १५०/- |

| | | |
|---|---|---|
| | २०(बीस) रोपनी सम्म | २००/- |
| | २५ (पच्चिस) रोपनी सम्म | २५०/- |
| | ३०(तीस) रोपनी सम्म | ३००/- |
| | ४०(चालिस) रोपनी सम्म | ३५०/- |
| | ५०(पचास) रोपनी सम्म वा सो भन्दा माथि | ५००/- |
| | छुट जग्गा दर्ता सिफारिस | २०००/- |
| | मोही लगत कट्टा सिफारिस | १०००/- |
| ७ | **घरजग्गा रजिष्ट्रेशन सिफारिस** | |
| | राजीनामा/ रजिष्ट्रेशन पास सिफारिस | १००/- |
| | अंश बण्डा पास सिफारिस | १००/- |
| | बकस पास सिफारिस | १००/- |
| ८ | **व्यक्तिगत घटना सम्बन्धी सिफारिस** | |
| | व्यक्तिगत घटना दर्ता (पैंतिस दिन कटेपछि विलम्ब दस्तुर) | २००/- |
| | व्यक्तिगत घटना दर्ता प्रतिलिपि दस्तुर | ५००/- |
| | पंजीकरण ऐन लागू हुन अघिको जन्म प्रमाणित र बिवाह दर्ता प्रमाणित | २००/- |
| | पंजीकरण ऐन लागू भएपछिको जन्म प्रमाणित र बिवाह दर्ता प्रमाणित | २००/- |
| | पंजीकरण ऐन लागू हुन अघिको सम्बन्ध बिच्छेद प्रमाणित | २००/- |
| | पंजीकरण ऐन लागू भएपछिको सम्बन्ध बिच्छेद प्रमाणित | २००/- |
| | बसाइ सराई प्रमाणित | २००/- |
| | चारित्रिक सिफारिस तथा प्रमाणित | ५०/- |
| | बसोबास सिफारिस तथा प्रमाणित | ३००/- |
| ९ | **चारकिल्ला प्रमाणित र घरबाटो प्रमाणित** | |
| | ४ कित्तासम्म | २००/- |
| | ४ कित्ताभन्दा माथि | ३००/- |
| १० | **उद्योग स्थापनाको लागि सिफारिस** | |
| | घरेलु उद्योग स्थापनाको लागि सिफारिस | ५००/- |
| | अन्य उद्योग स्थापनाको लागि सिफारिस | १०००/- |
| | व्यवसाय सञ्चालन दर्ता तथा सिफारिस | ३००/- |
| ११ | **बिद्युत /टेलिफोन जडानको लागि सिफारिस** | |
| | घरायसी प्रयोजन | १००/- |
| | व्यावसायिक प्रयोजन | ५००/- |

| | | |
|---|---|---|
| १२ | **संघ/संस्था/समुह दर्ता तथा नविकरण सिफारिस (संशोधित)** | |
| | राष्ट्रिय स्तर | २०००/- |
| | जिल्ला स्तर | १०००/- |
| | स्थानीय स्तर | २००/- |
| १३ | **अन्य बिबिध सिफारिस** | |
| | सवै किसिमका सर्जमीन दस्तुर | २००/- |
| | अपुतालीको सिफारिस | १०००/- |
| | बैदेशिक रोजगारको सिफारिस | २००/- |
| | स्वदेशी पेन्सन पट्टाको सिफारिस | ३००/- |
| | बिदेशी पेन्सन पट्टाको सिफारिस | १०००/- |
| | अंग्रेजी भाषामा गरिने (मूल्यांकन बाहेक) विभिन्न सिफारिस | ५००/- |
| | अन्य बिबिध सिफारिस | १००/- |
| १४ | **बिशेष सिफारिसहरु** | |
| | छात्रवृत्ति सिफारिस | निःशुल्क |
| | सामाजिक सुरक्षा कार्यक्रमका लागि नामावली सिफारिस | निःशुल्क |
| | प्राकृतिक प्रकोप पिडित राहत सिफारिस | निःशुल्क |
| | असक्त अपाङ्ग परिचय पत्रको सिफारिस | निःशुल्क |
| | असहाय, असक्त आर्थिक सहायता सिफारिस | निःशुल्क |
| १५ | **नक्शा पास** | |
| | RCC Building प्रति स्क्वायर फिट | रु.३/- |
| | Load Bearing Building प्रति स्क्वायर फिट | रु.३/- |
| | ढुंगा, ईट्टा र सिमेन्टको जोडाईप्रति स्क्वायर फिट | रु.३/- |
| | अस्थायी टहरा, ट्रसआदि प्रति स्क्वायर फिट | निःशुल्क |
| | नक्शा पास बुक | ५००/- |
| १६ | **अन्य सेवा शुल्क दस्तुर** | |
| | उपभोक्ता समितिको प्यान दर्ता सिफारिस दस्तुर | २००/- |
| | व्यवसाय दर्ताको प्रमाण-पत्र प्रतिलिपि दस्तुर | १०००/- |
| | व्यवसाय खारेज भएको सिफारिस दस्तुर | ५००/- |
| | व्यवसाय विवरण हेरफेर दस्तुर | ५००/- |
| | बलेफी गाउँपालिकाको खाडिचौर स्थित हलको भाडा दर दैनिक | ३०००/- |

| | | |
|---|---|---|
| | बलेफी गाउँपालिकाको खाडिचौर स्थित हलको भाडा दर पाँच दिन भन्दा माथि दैनिक | १०००/- |
| | सुची दर्ता शुल्क | १०००/- |
| | जग्गा /फिल्ड रेखाङ्कन शूल्क | १०००/- |
| | मूचुल्का प्रमाणित | २००/- |

<u>व्यवसाय रजिष्ट्रेशन दस्तुर</u>

| | **विवरण** | **दर रु.** | |
|---|---|---|---|
| | | दर्ता | कै. |
| १ | साना लगानीका व्यवसाय (रू. १ लाखदेखि रू. ५ लाखसम्म) | ५००/- | |
| २ | मध्यम लगानीका व्यवसाय (रू. ५ लाख देखि रू. १५ लाखसम्म) | १०००/- | |
| ३ | ठुला लगानीका व्यवसाय (रू. १५ लाखदेखि माथी) | २०००/- | |

**आज्ञाले,**
**रेवन्त दहाल**
**प्रमुख प्रशासकीय अधिकृत**